# लिखु पिके गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## चौंलाखर्क, सोलुखुम्बु

## १ नं. प्रदेश, नेपाल

# प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०५/२२)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/७८, च.नं. २३ को पत्रानुसार यस गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| ०१ | ०१/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

१. **आवश्यक न्युनतम योग्यता र अनुभवः**
   क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।
   ख) **अनुभव र सीप** : देहायका अनुभव र सीप आवश्यक पर्नेछ :
   - कम्तीमा ३ महिने तालीम लिई आधारभूत कम्प्युटर सीप भएको ।
   - पूर्वाधार निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सीपसहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

२. **दरखास्त दिने स्थानः** लिखु पिके गाउँपालिकाको कार्यालय ।

३. **दरखास्त दिने अन्तिम मितिः** सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र।

४. **आवेदन दस्तुरः** रु १०००।- (दस्तुर रकम गाउँपालिकाको सिटिजन बैंक शाखामा रहेको सञ्चित खाता नं. ०७२०१०००००००५२०१ मा जम्मा गरी त्यसको सक्कलै भौचर पेश गर्नुपर्नेछ।)

५. **छनौटको किसिमः** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परिक्षा र अन्तरवार्ता ।

६. **आवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरुः** आवेदक स्वयमले प्रमाणीत गरेको देहाय बमोजिमका **कागजातहरुको प्रतिलिपिः**
   - नेपाली नागरिकताको प्रतिलिपि-१ प्रति, हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति ।
   - न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि१ प्रति, चारित्रिक प्रमाण पत्रको प्रतिलिपि १ ।
   - अनुभव खुल्ने कागजातहरु

७. **सेवा सुविधाः** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सेवा पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११), (१२) र (१३) बमोजीम हुनेछ ।

८. **सम्पादन गर्नुपर्ने कार्य विवरणः** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजीम हुनेछ ।

(**पुनश्चः** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट **www.pmep.gov.np** मा उपलब्ध छ ।)